# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः ३** **श्रावण २५,२०७९**


## भाग - १

## मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको

## सूचना

# मुसीकोट नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

**सम्वत २०७८ सालको ऐन नं. ३**

प्रस्तावना : सरकारी तथा अन्य सेवाबाट कर्मचारी समायोजन भई मुसीकोट नगरपालिकामा कामकाज गर्न खटाईए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी यस नगरपालिकामा समायोजन तथा पदस्थापन भई हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुंदा स्थानीय सेवाका समग्र कर्मचारीको बृत्ति विकास अवरुद्ध भएकोले त्यस्ता कर्मचारीहरुलाई व्यवस्थापन गर्न

वाञ्छनीय भएकोले, नेपालको संविधानको भाग १८, धारा २२६ (१), कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ (१) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मुसीकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस ऐनको नाम "मुसीकोट नगरपालिका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन २०७८" रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मुसीकोट नगरपालिकाको कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) "कर्मचारी" भन्नाले साविकका स्थानीय निकायहरुका स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत रहेका र हाल जिल्ला समन्वय समितिबाट समायोजन भई नगरपालिकमा स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले मुसीकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र मुसीकोट नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका कुरालाई सम्झनु पर्दछ ।

(ङ) "नगर सभा" भन्नाले मुसीकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "स्थानीय निकाय" भन्नाले साविकका गाउ विकास समिति, नगर पालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय सेवा" भन्नाले मुसीकोट नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(झ) "नगरपालिका" भन्नाले मुसीकोट नगरपालिकालाई सम्झनु पर्छ ।

(ञ) "स्थानीय कानून" भन्नाले मुसीकोट नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ

## परिच्छेद २
## तह बृद्धि सम्बन्धी व्यवस्था

### ३. स्थानीय सेवाका कर्मचारी समायोजन तह मिलान :

(१) साविकको स्थानीय निकाय जिल्ला विकास समिति र गाउं विकास समितिमा स्थायी रुपमा सेवा प्रबेश गरी स्थानीय सेवामा नियुक्ति भई यस नगरपालिकामा सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुंदाका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी

कर्मचारीको समायोजन तह मिलान तथा ग्रेड (तलव बृद्धि) गरिनेछ ।

(२) उपदफा (१) बमोजिम यो ऐन जारी हुंदाका बखत कम्तीमा पांच वर्ष स्थायी रुपमा कार्यरत नगरपालिकामा समायोजन, सरुवा र पदस्थापन भएका स्थानीय सेवाका कर्मचारीहरुको देहाय बमोजिम समायोजन तह मिलान गरिनेछ । साथै हाल कार्यरत पदमा पाँच वर्ष सेवा अवधि नपुगेका कर्मचारीहरुलाई ग्रेड थप गरिने छ । यसरी थप गरिने ग्रेड, अन्तिम ग्रेड संख्या भन्दा बढी भएमा समेत थप गर्न बाधा पर्ने छैन ।

| क्र.सं. | हालको तह | समायोजन गरिने तह | थप हुने ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन सबै | श्रेणी विहिन | २ ग्रेड थप | ................ |
| २ | सहायकस्तर चौथो | सहायकस्तर पाचौ | | प्रवेशिका वा सो सरह उत्तीर्ण गरेको |
| ३ | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौ | | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको |
| ४ | अधिकृतस्तर | अधिकृतस्तर | | सम्बन्धित |

| | | | | |
|---|---|---|---|---|
| | छैठौ | सातौ | | विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको |
| ५ | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौ | | सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको |
| ६ | अधिकृतस्तर आठौं | अधिकृतस्तर नवौं | | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा तपशिल बमोजिम हुनेछ ।

(क) अधिकृतस्तर छैठौं तहबाट सातौं तहमा तहबृद्धि हुनका लागि शैक्षिक योग्यताको हकमा न्युनतम स्नातक उत्तीर्णहुनुपर्ने भएता पनि स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) मा भएको वढवाको आधार वमोजिम साविक जिल्ला विकास समितिको कार्यालयमा सहायक स्तर पांचौ तहबाट छैठौं तहमा वढवा भएकाको हकमा साविक पांचौ

तहका लागि निर्धारित शैक्षिक योग्यता पुरा भई छैठौं तहमा सेवा अवधि न्युनतम १० वर्ष पुरा भएको हुनु पर्नेछ ।

(ख) सम्बन्धित सेवाका लागि तोकेको शैक्षिक योग्यता भन्दा फरक संकायको शैक्षिक योग्यता भएकाको हकमा हाल कार्यरत पद र तहका लागि तोकेको न्युनतम शैक्षिक योग्यता सम्बन्धित संकायको भएको तर सो भन्दा माथिल्लो शैक्षिक योग्यता फरक संकायको भएता पनि माथिल्लो पद र तहमा तह बृद्धि हुन बाधा पर्नेछैन ।

(५) माथि उल्लेखित न्यूनतम शैक्षिक योग्यता नभएको हकमा खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ ।

(६) उपदफा (२) बमोजिम नगरपालिकाका स्थानीय सेवाका कर्मचारीको तह बृद्धि गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलव भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) नेपाल सरकार वा कर्णाली प्रदेश सरकारबाट समायोजन सम्बन्धमा नयां कानून बनेमा वा वनेको कानून बमोजिम समकक्षता सहितको समायोजन सम्बन्धमा नीतिगत निर्णय भएमा यस कानून बमोजिम भएको समायोजनको तह नघटने गरी समायोजन संशोधन, मिलान गरिनेछ ।

## ४. समायोजन तह बृद्धि पत्र दिने

(१) यस ऐन बमोजिम तह बृद्धि भए पश्चात नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह बृद्धि भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने समायोजन तह बृद्धि पत्र अनुसुची १ बमोजिमको हुनेछ ।

**५. पदस्थापन गरिने :**

(१) दफा ३ बमोजिम तह बृद्धि भएका नगरपालिकाका स्थानीय सेवाका कर्मचरीहरुलाई तह बृद्धि पश्चात स्वीकृत संगठन संरचना तथा दरबन्दीमा समान तहको रिक्त पदमा पदस्थापन गरिनेछ । स्वीकृत संगठन संरचना तथा दरबन्दीमा रिक्त पद नभएमा नगरपालिकाले पुनरावलोकन गरी निर्धारण गरे बमोजिम मिल्दो सेवा, समुह तथा उपसमुहमा पदस्थापन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मिल्दो दरवन्दी नभएमा पदस्थापना गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी तह बृद्धि भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्व गरि आएको कामकाज गर्न बाधा पुगेको मानिने छैन् ।

**६. तह बृद्धि भएका कर्मचारीको सेवा सुविधा :** यस ऐन बमोजिम तह बृद्धि भएका स्थानीय सेवा कर्मचारीहरुको तलव तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

**७. जेष्ठता गणना :** यस ऐन बमोजिम स्तर बृद्धि हुने कर्मचारीहरुको जेष्ठता स्तर बृद्धि भई नियुक्ति पाएको मिति देखि गणना गरिनेछ ।

**८. आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १
(दफा ४ को उपदफा (२) संग सम्बन्धित)
तह बृद्धि पत्र

प.सं. :
मिति :
च.नं. :

**विषय : तह बृद्धि गरिएको सम्बन्धमा ।**

श्री ..............................
..............................

मुसीकोट नगरपालिकाका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८ बमोजिम आजैका मिति देखि जेष्ठता गणना हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा रहने गरी तह बृद्धि गरीएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

तह बृद्धि हुनु भएकोमा बधाई छ ।

| **हाल कार्यरत पदको विवरण** | **तह बृद्धि गरिएको पदको विवरण** |
|---|---|
| पद :<br>तह :<br>सेवा : | पद :<br>तह :<br>सेवा : |

| | |
|---|---|
| समुह :<br><br>नियुक्ति मिति : | समुह :<br><br>उप समुह : |

(...........................)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।

श्री कर्मचारी संचय कोष, ठमेल काठमाण्डौ ।

श्री नागरिक लगानी कोष, नयां बानेश्वर, काठमाण्डौ ।

श्री आर्थिक प्रशासन शाखा, मुसीकोट नगरपालिका रुकुम (पश्चिम) ।

आज्ञाले,

विनाराम खडका

नि.प्रमख प्रशासकीय अधिकृत